नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
(मानव संशाधन तथा आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :-०७४/७५
चलानी नं.:- १००

सानोठिमी, भक्तपुर

मिति:- २०७४/०७/२६

**विषय :– तलव भत्ता सम्बन्धमा।**

**जिल्ला शिक्षा कार्यालयहरु**
(ताप्लेजुङ, ईलाम, झापा, सुनसरी, मोरङ, उदयपुर,ओखलढुंगा, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, काठमाण्डौं,रौतहट, वारा, पर्सा,चितवन, रुपन्देही, कपिलवस्तु, तनहुँ, कास्की, डोल्पा, दाङ, बाँके, बर्दिया, सुर्खेत, जाजरकोट, दैलेख, कैलाली, डोटी, बैतडी, कंचनपुर)।

उपरोक्त विषयमा नेपाल सरकार (मन्त्रीपरिषद )को मिति २०७४।०६।०२ को निर्णय तथा शिक्षा मन्त्रालय कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखाको च.नं. ६८७ मिति २०७४।०७।०७ को पत्रानुसार त्यस जिल्लामा विद्यालय क्षेत्र विकास कार्यक्रम( **SSDP**) तर्फ अस्थायी दरवन्दीमा कार्यरत इन्जिनियरहरुको करार नविकरणको निरन्तरता २०७४ कार्तिक मसान्तसम्म भएकोले निजहरुलाई खटाइएको अस्थायी दरवन्दी रहेको जिल्लावाट २०७४ श्रावण देखिको तलव भत्ता भुक्तानी गर्न गराउनु हुन निर्णयानुसार अनुरोध छ।

**उज्ज्वल काफले**
**शाखा अधिकृत**

# इन्जिनियर सँग सेवा करार सम्झौता

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७४।६।२ को निर्णयले शिक्षा विभाग को स्वीकृत अस्थायी दरवन्दीमा देहाय वमोजिम कार्य गर्ने गराउने गरी इन्जिनियरलाई सेवा करार गराउन शिक्षा विभाग ,सानोठिमीको तर्फबाट (जसलाई यस पछि प्रथम पक्ष भनिने छ) .................. जिल्ला .................... गा.पा.का./न.पा./उ.न.पा./म.पा. स्थायी ठेगाना भएका ...............................का नाती, .................................का छोरा श्री ............................................ (जसलाई यस पछि दोश्रो पक्ष भनिने छ) का बीच मिति २०७४।०४।०१ देखि लागु हुने गरी आज मिति २०७४।०७ मा सम्पन्न भएको सम्झौता:

दोश्रो पक्षले जिल्ला शिक्षा कार्यालय, ..............................मा पुऱ्याउनु पर्ने मुख्य मुख्य सेवाको विवरण :

१. निर्माण सम्बन्धि जिल्ला स्तरिय बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न जिल्ला शिक्षा अधिकारीलाई सहयोग गर्ने । भौतिक सुधार सम्बन्धी वक्यौता बेरुजु फछ्र्यौट गर्न विशेष प्राथमिकता दिई कार्य गर्ने । साथै नियमानुसार निर्माण तथा मर्मत कार्य सम्पन्न गरी गराई सो को फरफारक प्रतिवेदनलाई समेत आधार मानी करार सेवा नविकरण गर्ने ।

२. शिक्षा विभागबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम निर्माण सम्बन्धि कार्य गर्न/गराउन निर्माण सम्बन्धि कार्यको कार्यक्रम कार्यान्वयन योजना (Action Plan) तयार गरी व्यवस्थित ढंङ्गले स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गराउने ।

३. जिल्लामा कार्यरत सव-इन्जिनियरहरुको कार्य क्षेत्र बाँडफाँड तथा कार्य विवरण तयार गरी जिल्ला शिक्षा अधिकारी समक्ष सिफारीस गर्ने ।

४. सव-इन्जिनियरहरुलाई परिचालन गरी जिल्ला स्थित सम्पूर्ण विद्यालयहरुको विद्यालय भौतिक सर्भेक्षण गरी/गराई सो को समिक्षा फारम तयार गर्ने ।

५. नियमानुसार भौतिक सुधार विस्तार कार्यक्रम संचालन गर्न सम्वन्धित विद्यालयहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने र सोको सारांश फारम तयार गर्ने ।

६. कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित मापदण्ड (Criteria) को आधारमा भौतिक सुधार विस्तार कार्यक्रम संचालन गर्न नियमानुसार विद्यालय छनौट गरी/गराई स्वीकृतिका लागि जिल्ला शिक्षा अधिकारी समक्ष पेश गर्ने ।

७. भौतिक सुधार विस्तार कार्यक्रम संचालनका लागि सव-इन्जिनियरहरुद्वारा तयार गरिएको नक्सा, **Quantity Estimate, Rate Analysis, Cost Estimate** आदि जाँची स्वीकृतीका लागि जिल्ला शिक्षा अधिकारी समक्ष पेश गर्ने ।

८. छनौट भएका विद्यालयहरुमा विद्यालय भौतिक सुधार कार्यक्रम संचालनार्थ जिल्ला शिक्षा कार्यालय तथा सम्वन्धित विद्यालय वीच तोकिएको प्रक्रिया अनुसार संझौता गर्ने गराउने ।

९. जिल्ला स्तरमा संचालित विद्यालय भौतिक सुधार कार्यक्रम तथा अन्य सिभिल निर्माण कार्यको स्थलगत निरिक्षण तथा अनुगमन गर्ने ।

१०. जिल्ला स्तरमा संचालित विद्यालय भौतिक सुधार कार्यक्रमको आवधिक रुपमा प्रगति विवरण तयार गरी गराई जिल्ला शिक्षा कार्यालय मार्फत नियमित रुपमा शिक्षा विभाग, भौतिक सेवा शाखामा पठाउने ।

११. कार्य प्रगति अनुसार समयमै भुक्तानीको लागि सिफारिस गर्ने ।

१२. सव-इन्जिनियरवाट तयार भई पेश हुन आएको **MB**, वील, भर्पाइ, कार्यसम्पन्न प्रतिवेदन आदि जाँची भुक्तानीको लागि सिफारिस गर्ने ।

१३. लक्ष्य बमोजिम प्रगति हासिल गर्न कुनै वाधा अड्चन आईपरे वा आईपर्ने देखिए सो को निराकरणको लागि समयमै जिल्ला शिक्षा अधिकारीलाई आफ्नो राय सहितको जानकारी गराउने ।

१४. जिल्लामा कार्यरत सवईन्जिनियरहरुको कार्य क्षमता, जिम्मेवारीवोध, इमान्दारिता तथा समग्र कार्य सम्पादन स्तरको मूल्याङ्कन गरी जिल्ला शिक्षा अधिकारी तथा शिक्षा विभाग, मानव संशाधन तथा आन्तरिक व्यवस्यापन शाखामा प्रतिवेदन पेश गर्ने ।

१५ सार्वजनिक खरीद ऐन तथा नियमावलीको **Guidelines** अनुसार निर्माण कार्य संचालनार्थ आवश्यक पर्ने **Bidding Document, Contract Document, Evaluation Report** आदि तयार गरी ठेक्का सम्वन्धि सम्पूर्ण कार्य गर्न/गराउन जि.शि.अ.लाई सहयोग गर्ने ।

१६. जिल्ला शिक्षा कार्यलय अर्न्तगत संचालन गरिने निमार्ण सम्वन्धि विभिन्न कार्यहरुको विषयमा जनचेतना अभिवृद्धि गर्न सोको व्यापक प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

१७. सिभिल निर्माण कार्यका लागि **Architectural, Structural, Electrical, Sanitary** आदि डिजाईन गर्ने/गराउने ।

१८. निर्माण तथा मर्मत कार्यको गुणस्तर कायम गर्ने/गराउने, कार्य प्रगती अनुसार नापी किताब अध्यावधिक गर्ने र सम्झौता बमोजिमको कार्य सम्पन्न भए पछि कार्य सम्पन्न प्रतिवेदन अनिवार्यरुपमा तयार गरी/गराई जि.शि.का.को सम्बन्धीत अधिकृत समक्ष पेश गर्ने । बेरुजु फछ्र्यौट, नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन कार्यसम्पादन मुल्याङ्कनको मूल आधार रहने ।

१९. जिल्ला शिक्षा कार्यालयको लागि आवश्यक अन्य प्राबिधिक सहयोग जिम्मेवारीपूर्ण ढङ्गले गर्ने/गराउने ।

२०. कार्यालयमा आई पर्ने इन्जिनियरिङ्ग सम्बन्धि अन्य कार्यहरु गर्ने ।

२१. अर्को जिल्लामा खटिई जाने इन्जिनियरको हकमा आफ्नो जिम्मामा रहेका सम्पूर्ण अभिलेख, कागजातहरु तथा शाखासगं सम्वन्धीत उपकरणहरु जि.शि.अ.ले तोकेको प्राविधिकलाई बरबुझारथ गराएपछि रमाना उपलब्ध हुने ।
२२. शिक्षा विभागवाट कार्यवोझ एवं आवश्यकताको आधारमा एक जिल्लावाट अर्को जिल्लामा कामकाज गर्न खटाई पठाउन सक्नेछ ।

माथि उल्लेखित सेवा उपलब्ध गराए बापत प्रथम पक्षले दोश्रो पक्षलाई देहायमा उल्लेखित सुबिधा सम्बन्धित कार्यालयबाट उपलब्ध गराउने छ र सेवा सम्बन्धि अन्य शर्त देहाय बमोजिम हुनेछ ।

क) प्रथम पक्षले दोश्रो पक्षलाई मासिक रा.प. तृतिय श्रेणीको कर्मचारीले पाए सरह पारिश्रमिक रकम उपलब्ध गराउने छ। कार्यालयको कामको शिलशिलामा काज खटाई भ्रमणमा जानु पर्दा रा.प. तृतिय श्रेणीको कर्मचारीले पाए सरह दोश्रो पक्षलाई भ्रमण खर्च नियमावली वमोजिमको सुविधा उपलब्ध गराउने छ। साथै फिल्ड भत्ता, महंगी भत्ता र स्थानीय भत्ता अर्थ मन्त्रालयबाट स्वीकृत नर्मस् अनुसार प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ। प्रथम पक्षले यस भन्दा वाहेक अन्य कुनै पनि प्रकारका आर्थिक सुविधा दोश्रो पक्षलाई उपलव्ध गराउने छैन। साथै आयकर बुझाउनु पर्नेमा सोही अनुसार कट्टा गरिने छ।

ख) नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार कम्तिमा ६ महिना सेवा करार गरेको कर्मचारीलाई बर्षको एकपटक एक महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम चाड पर्व खर्चबापत उपलब्ध गराउने छ। साथै बर्षमा एक पटक चैत महिनाको पारिश्रमिक भुक्तानी गर्दा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह दोश्रो पक्षलाई प्रथम पक्षले उपलब्ध गराउने छ।

ग) दोश्रो पक्षले निजामति कर्मचारीलाई तोकिएको कार्य समयानुसार कार्यालयमा हाजिर भई काम गर्नु पर्ने छ। साथै कार्यालयवाट फिल्ड काज स्वीकृत गराएर मात्र फिल्डमा जानु पर्नेछ।

घ) दोश्रो पक्षले निजामति कर्मचारीले पाउने सरह सार्वजनिक विदा, क्रिया विदा, सुत्केरी विदा र भैपरी आउने विदा (क्या.वि. र पर्व) पाउनेछ। तर यस वाहेक अन्य कुनै पनि विदा तथा सुबिधा पाउने छैन।

ङ) दोस्रो पक्षले आफ्नो कामको शिलशिलामा जानकारी हुन आउने गोप्य सूचना वा कागजात कार्यालयको सम्वन्धित पदाधिकारी वाहेक अन्य व्यक्तिलाई जानकारी दिनु हुँदैन। त्यसरी गोपनियता भंग भएमा वा प्रथम पक्षलाई कुनै प्रत्यक्ष/अप्रत्यक्ष हानि नोक्सानी भएमा सो को जिम्मेवार दोस्रो पक्ष हुनेछ। र प्रथम पक्षले तोके वमोजिम क्षतिपूर्ति समेत असुल उपर गरिनेछ।

(च) दोस्रो पक्षले आफ्नो जिम्मामा रहन आउने प्रथम पक्षको चल, अचल सम्पति हिफाजत साथ प्रयोग गरी कार्य सम्पन्न भए पश्चात प्रथम पक्षलाई वुझाउनु पर्ने छ।

(छ) यो करार सम्झौता स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भई आएमा स्वत: हट्ने गरी बढीमा २०७४ कार्तिक मसान्तसम्म कायम रहनेछ।

(ज) दोश्रो पक्षले कुनै पनि किसिमको अवकाश सुबिधा **(Retirement Benefit)** पाउने छैन।

(झ) निजामती सेवा ऐन २०४९ र नियमावली २०५० (संशोधन सहित) को सम्बन्धित सेवा समूहको लागि तोकिए बमोजिमको शैक्षिक योग्यताको प्रमाण पत्र पेश गर्नु पर्नेछ।

(ञ) जिल्ला शिक्षा कार्यालयलाई हानी हुने कार्य गरेमा वा लाए अऱ्हाएको कार्य नगरेमा जुनुसुकै वेला करार भङ्ग गर्न सकिनेछ।

(ट) दोश्रो पक्षले कार्यरत कार्यालयलाई जानकारी नगराई वा अनुमति नलिई ७ दिन भन्दा वढी समय अनुपस्थित रहेमा वा निजको काम सन्तोषजनक नभएमा १५( पन्ध्र) दिनको सूचना दिई शिक्षा विभागलाई जानकारी गराई यो सम्झौता भंगगर्न सकिने छ। साथै दोश्रो पक्षले पेश गरेका प्रमाणपत्र तथा कागजातहरु झुटा ठहरेमा तत्कालै करार सम्झौता भङ्ग हुनेछ।

(ठ) मिति २०७४/०४/१ गते देखि हाल सम्म गरेका कार्य यसै सम्झौता अनुसार गरेको मानिनेछ।

<u>दोस्रो पक्षको तर्फबाट :-</u>

नाम :-
ठेगाना :-
दस्तखत :-
मिति :

<u>प्रथम पक्ष शिक्षा विभागको तर्फबाट :-</u>

नाम :- बाबुराम पौडेल
पद :- महा निर्देशक
दस्तखत :-
मिति :-

<u>रोहवर :-</u>

नाम :- उज्ज्वल काफ्ले
पद :- शाखा अधिकृत
दस्तखत :-
मिति :-

**आ.व. २०७४/७५ विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) अन्तर्गत २०७४ साउन १ गते देखि २०७४ कार्तिक मसान्त सम्मका लागि इन्जिनियरहरुको स्वीकृत दरवन्दि**

| क्र. सं. | जिल्ला | भौगोलिक क्षेत्र | आ.व. २०७४/७५ का लागि **इन्जिनियर** (२०७४ साउन १ गते देखि २०७४ कार्तिक मसान्तसम्मका लागि स्वीकृत दरवन्दि) | क्र. सं. | जिल्ला | भौगोलिक क्षेत्र | आ.व. २०७४/७५ का लागि **इन्जिनियर** ( २०७४ साउन १ गते देखि २०७४ कार्तिक मसान्तसम्मका लागि स्वीकृत दरवन्दि) |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | हिमाली | १ | ३७ | रुपन्देही | तराई | १ |
| २ | पाँचथर | पहाडी | | ३८ | कपिलवस्तु | तराई | १ |
| ३ | ईलाम | पहाडी | १ | ३९ | अर्घाखाँची | पहाडी | |
| ४ | झापा | तराई | १ | ४० | पाल्पा | पहाडी | |
| ५ | संखुवासभा | हिमाली | | ४१ | गुल्मी | पहाडी | |
| ६ | तेह्रथुम | पहाडी | | ४२ | स्याङ्जा | पहाडी | |
| ७ | भोजपुर | पहाडी | | ४३ | तनहुँ | पहाडी | १ |
| ८ | धनकुटा | पहाडी | | ४४ | गोरखा | पहाडी | |
| ९ | सुनसरी | तराई | १ | ४५ | मनाङ | हिमाली | |
| १० | मोरङ | तराई | १ | ४६ | लमजुङ | पहाडी | |
| ११ | सोलुखुम्बु | हिमाली | | ४७ | कास्की | पहाडी | १ |
| १२ | खोटाङ | पहाडी | | ४८ | पर्वत | पहाडी | |
| १३ | उदयपुर | पहाडी | १ | ४९ | वागलुङ | पहाडी | |
| १४ | ओखलढुंगा | पहाडी | १ | ५० | म्याग्दी | पहाडी | |
| १५ | सप्तरी | तराई | १ | ५१ | मुस्ताङ | हिमाली | |
| १६ | सिरहा | तराई | १ | ५२ | मुगु | हिमाली | |
| १७ | धनुषा | तराई | १ | ५३ | डोल्पा | हिमाली | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | महोत्तरी | तराई | १ | ५४ | हुम्ला | हिमाली | |
| १९ | सर्लाही | तराई | १ | ५५ | जुम्ला | हिमाली | |
| २० | सिन्धुली | पहाडी | | ५६ | कालिकोट | हिमाली | |
| २१ | रामेछाप | पहाडी | | ५७ | रुकुम | पहाडी | |
| २२ | दोलखा | पहाडी | | ५८ | रोल्पा | पहाडी | |
| २३ | सिन्धुपाल्चोक | हिमाली | | ५९ | प्युठान | पहाडी | |
| २४ | रसुवा | हिमाली | | ६० | दाङ | तराई | १ |
| २५ | धादिङ | पहाडी | | ६१ | सल्यान | पहाडी | |
| २६ | नुवाकोट | पहाडी | | ६२ | बाँके | तराई | १ |
| २७ | काठमाण्डौं | उपत्यका | १ | ६३ | बर्दिया | तराई | १ |
| २८ | ललितपुर | उपत्यका | | ६४ | सुर्खेत | पहाडी | १ |
| २९ | भक्तपुर | उपत्यका | | ६५ | जाजरकोट | पहाडी | १ |
| ३० | काभ्रेपलान्चोक | पहाडी | | ६६ | दैलेख | पहाडी | १ |
| ३१ | मकवानपुर | पहाडी | | ६७ | कैलाली | तराई | १ |
| ३२ | रौतहट | तराई | १ | ६८ | डोटी | पहाडी | १ |
| ३३ | बारा | तराई | १ | ६९ | अछाम | पहाडी | |
| ३४ | पर्सा | तराई | १ | ७० | बाजुरा | हिमाली | |
| ३५ | चितवन | तराई | १ | ७१ | बझाङ | हिमाली | |
| ३६ | नवलपरासी | तराई | | ७२ | दार्चुला | हिमाली | |
| | | | | ७३ | बैतडी | पहाडी | १ |
| | | | | ७४ | डडेल्धुरा | पहाडी | |
| | | | | ७५ | कंचनपुर | तराई | १ |